# निहिता र शोभराज

लेखक प्रकाश पौडयाल

प्रतिमा राईको निहिता, प्रेम र रोजाइ पढेपछी केही थप्न मन लाग्यो । सत्र बर्षको उमेरमा बिधालय बाट निलम्बीत भएकी अमेरीकी यूवती आना निकोल स्मीथ २५ बर्षको उमेरमा आफुभन्दा पैसठी बर्ष जेठो (नब्बे बर्षको) उधोगपती हवार्ड मार्सल संग बिहे गर्न पुगीन् । केही समयमै उनी बिष्व बिख्यात बनीन् । तेह्र महिना पनी नपुग्दै उनको पतीको मृत्यु भयो र उनी बिधवा भईन । त्यसपछी लोग्नेको करीब एक खरब रुपैंयाको सम्पती दावी गरीन् । जसबाट केहि सम्पती हात पार्न सफल भईन् । केहि समय पछी एउटा कर्मचारीलाई शेक्सुअल हरास्मेन्ट गरेको ठहर गर्दै अदालतले उनलाई करीव छ करोड रुपैया जरीवाना बापत तिर्न लगायो जस्ले गर्दा उनी टाट पल्टीन् । बिस्तारै लागु पर्दाथको दुर्ब्यशनी बनीन् र यही कुलतको कारण उनको कलीलो उमेरमा मृत्यु भयो । यसरी आना निकोल स्मीथको बिष्व बिख्यात बन्ने सपना त पुरा भयो तर उनले बिवाह पछिको जिवनमा कहिल्यै सुख शान्ती प्राप्त गरीनन् ।

निहिताले पनी यसरीनै सम्पती र ख्याती को लागी चार्ल्स शोभराज संग सम्बन्ध जोडेकी हुन् भने उनले निकोल स्मीथको यो धटना राम्रो संग अध्यन गर्न आवश्यक छ । त्यसैगरी, उनले एक पटक शोभराजले बिगतमा गरेका अपरधमा संलग्न पिडीतको दिदी, बहीनी, छोरी वा नातेदार भएर शोभराजलाई पुन मुल्यांकन गर्न आवश्यक छ । मलाई टोक्ने कुकुरले तंलाई टोक्छ भन्ने नेपाली उखान जस्तै भोली निहिता स्वयं सिकार बन्न सक्छीन् । प्रतिमाजीले लेख्नुभएझैं निहिता र शोभराज प्रेमप्रकरणभित्र दुवैको स्वार्थ र डरलाग्दो सम्झौता लुकेको छ । निहिताको शोभराजसँग प्रेम र विवाहको नाटक गरी सम्पत्ति र फ्रान्स जाने उपाय त्यती नराम्रो नहोला तर शोभराजको निहितालाई माध्यम बनाएर जेलमुक्त हुने षडयन्त्र भने ज्यादै संबेदनशिल छ । शकुन्तला थापा जस्ता अभिभावकहरुले आफ्ना छोरा छोरीको जिवनसाथी चयन गर्दा उमेर, घर परिवार, चालचलन जस्ता कुरामा ध्यान दिनु आवश्यक हुन्छ । अंग्रेजीमा एउटा प्रचलीत भनाई छ मर्नीगं शोज द डे अत निहिताको भबिश्य राम्रो देखीदैन । उनले समयमै बिचार पुर्याउनु आवश्यक छ ।